निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१०	संख्या-१	मिति : २०८३/०१/२३

## भाग-२

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-२०८३

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत

मिति २०८३/०१/२३

**प्रस्तावना**

नेपालमाशिक्षालाई व्यवस्थित र सर्वसुलभ बनाउन बिभिन्न ऐन नियमावलीको व्यवस्था गरिएको पाइन्छ ।नेपालको वर्तमान संबिधान, शिक्षा ऐन २०२८, अनिवार्य तथा निशुल्क आधारभूत तथा निशुल्क माध्यमिक शिक्षा ऐन २०७५, अनिवार्य तथा निशुल्क आधारभूत तथा निशुल्क माध्यमिक शिक्षा नियमावली २०७७ कार्यान्वयनको चरणमा रहेका छन् । निस्दी गाउँपालिकाले पनि उल्लेखित प्रावधानहरुलाई क्रमशः र व्यवस्थित रुपमा कार्यन्वयन गर्ने नीति लिएको छ ।यस क्रममा निस्दी गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमाकक्षा १ देखि कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरुका अभिभावकबाट ऐन नियमावलीमा व्यवस्था भए अनुसार शुल्क नलिंदा विद्यालयमा हुन जाने स्रोतको न्यूनतालाई आपुरण गर्न अतिरिक्त स्रोत व्यवस्थापनमा टेवा पु-याउने हेतुले गाउँपालिकाको आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी आ.ब. २०८२/८३ मा अनिवार्य तथा निशुल्क शिक्षा कार्यन्वयन अनुदान शिर्षकमा रकम बिनियोजन गरेको छ । उक्त अनुदान रकम कार्यान्वयन गर्न **अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-२०८३**जारी गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१) **सक्षिप्त नाम र प्रारम्भः**

१.**यस कायविधिको नाम"अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-२०८३**"रहेको छ। यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क.**गाँउपालिका** भन्नाले निस्दीगाउँपालिका सम्झनु पर्छ।

ख.**कार्यपालिका** भन्नाले निस्दीगाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. **कार्यविधि** भन्नाले निस्दी गाउँपालिकाको **अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-** २०८३ सम्झनु पर्दछ।

घ. **विद्यालय** भन्नाले निस्दी गाउँपालिकामा सञ्चालित विद्यालयलाई सम्झनु पर्दछ।

ङ. **विद्यार्थी**भन्नालेनिस्दी गाउँपालिका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ।

च. **विद्यालय व्यवस्थापन समिति** भन्नालेशिक्षा ऐन २०२८ को दफा १२ को उपदफा १ कोखण्ड क, ख, घर ङ बमोजिम सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ।

छ. **शिक्षक अभिभावक संघ** भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघ लाई सम्झनु पर्दछ।

ज. **<u>प्र.अ.</u>** <u>भन्नाले</u> विद्यालयको शैक्षिक एवं प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ।

झ. **अभिभावक**भन्नाले निस्दी गाउँपालिकाका विद्यालयहरुमाप्रारम्भिक बालविकास केन्द्र र कक्षा १ देखि कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरुका अभिभावक सम्झनु पर्छ ।

## परिच्छेद -२

## उदेश्य

**३. उदेश्यः** यस कार्यविधिका उदेश्य देहायबमोजिम रहेका छन्।

१. निस्दी गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र र कक्षा १ देखि कक्षा ८ सम्म अध्ययनरत बिद्यार्थीहरुका अभिभावकबाट ऐन नियमावलीमा व्यवस्था भए अनुसार शुल्क नलिंदा विद्यालयमा हुन जाने स्रोतको न्यूनतालाई आपुरण गर्न अतिरिक्त स्रोत व्यवस्थापनमा टेवा पु-याउने,

२. संबिधान, ऐन, नियमावलीको मर्म र भावना अनुसार शिक्षा अनिवार्य र निशुल्क हुने,

३. निस्दी गाउँपालिका अन्तर्गतका विद्यालयमा शैक्षिक क्षति न्यून गर्ने,

४. विद्यार्थी भर्ना दर र विद्यालयमा विद्यार्थी टिकाउ दर अभिबृद्धि हुने,

५, शिक्षण सिकाइ र नतिजा सुधार व्यवस्थित गर्ने ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

**४.अनुगमन -मूल्यांकन समितिः** गाउँपालिकावाट **अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-२०८३** कार्यान्वयन, मार्गदर्शन, मूल्यांकन प्रयोजनका लागि देहाय बमोजिमको अनुगमन - मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५. योजना तथा प्रशासन अधिकृत | सदस्य |
| ६. गाउँपालिका लेखा अधिकृत | सदस्य |
| ७. शिक्षा शाखा,प्राविधिक सहायक | सदस्य |
| ८. शिक्षा शाखा प्रमुखसदस्य-सचिव | |

**५. अनुगमन-मूल्यांकन समितिको भूमिकाः** दफा ४ वमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. अनुदान कार्यान्वयनमा सहजिकरण गर्ने,

ख.अनुदान कार्यान्वयनमा सम्वन्धमा नीतिगत मार्गदर्शन गर्ने,

ग.अनुदान कार्यान्वयनको प्रगति र नतिजाको समग्र मूल्यांकन गर्ने।

## परिच्छेद-४
## विभिन्न पक्षहरुको भूमिका

**६. गाउँपालिकाको भूमिकाः**

क.अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन अनुदान कार्यविधि-२०८३ गर्नगाउँपालिकाका विद्यालयहरुबाट प्राप्त विवरण संकलन गरी सत्यापन गर्ने,

ख. संबिधान, ऐन, नियमावलीमा भएको व्यवस्था सम्बन्धी अभिमुखीकरण गर्ने,

ग. अनुदान कार्यान्वयनको प्रमाणीकरण र अभिलेख राख्ने,

घ. योजना तर्जुमा गरी बजेट विनियोजन गर्ने,

ङ. कार्यविधि निर्माण गरी कार्यान्वयनको प्रकृया तय गर्ने,

च. कार्यान्वयन अवधिभर नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने,

छ. बजेट निकाशा एवं अनुदानको प्रभावकारीताको विश्लेषण गरी आगामी दिनका लागि मार्गदर्शनका रुपमा लिने।

**७. विद्यालयको भूमिका** :अनुदान कार्यन्वयनमा विद्यालयहरुको भुमिका देहाय बमोजिम हुनेछ।

क. आफ्नो विद्यालयमा अध्ययनरत प्रमाणित विद्यार्थीहरुको आधिकारिक विवरण यकिन गर्ने,

ख. वि.व्य.स.को निर्णय सहित गाउँपालिकामा विवरण पेश गर्ने,

ग. नियमानुसार हाजिरी प्रतिवेदन सहित रकम माग गर्ने,

घ. तोकिएको शिर्षकमा खर्च गरी तत्सम्बन्धी मिसिल गाउँपालिकामा पेश गर्ने,

## परिच्छेद-५

## विविध

**८. वजेट सम्बन्धी व्यवस्थाः**अनुदान कार्यान्वयन गर्न गाउँपालिकाबाट विनियोजन भएको बजेटबाट विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थीसंख्याका आधारमा प्रति विद्यार्थी रु. ५००।-का दरले ६-६ महिना वा बार्षिक रुपमा एकमुष्ठ हुन आउने रकम विद्यालयले भूक्तानि पाउनेछ।उक्त रकम विद्यालयले निःशुल्क शिक्षा सम्बन्धी ऐन-नियमले तोके अनुसारको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि खर्च गर्नुपर्ने छ।

**९. संशोधनः** निस्दी गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

आज्ञाले
पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत